*नेपाल सरकारबाट स्वीकृत मिति: २०७०। ५ । १४*

*पहिलो संशोधन मिति: २०७०। ६ । ११*

# अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाको परियोजना सहजीकरण समिति सम्बन्धी कार्यविधि, २०७०

**प्रस्तावना:** अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरु मार्फत परिचालन हुने परियोजनालाई सरकारले तोकेको प्राथमिकता क्षेत्रमा केन्द्रीत गर्दै त्यस्ता परियोजनाको प्रतिफल प्रभावकारीरुपमा उपयोग गर्ने, त्यस्ता संस्थाहरु मार्फत परिचालन हुने परियोजनालाई सरकारका विभिन्न निकाय र गैरसरकारी संस्था बीच समन्वय तथा सहयोगलाई एकिकृत रुपमा परिचालन गरी समग्र मुलुकको विकासमा टेवा पुऱ्याउने कार्यमा सहयोग पुऱ्याउनका लागि नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०६०।५।२९ र २०६०।९।१९ को निर्णय बमोजिम गठित अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाको परियोजना विश्लेषण तथा सहजीकरण सिफारिश समितिलाई समयानुकूल पुनर्गठन गरी सो समितिको काम, कर्तव्य, अधिकार तथा कार्यविधिलाई समेत व्यवस्थित गर्न नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७०।४।३ को निर्णयबाट प्रत्यायोजित अधिकार बमोजिम महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयको मिति २०७०।५।१४ को निर्णयानुसार यो कार्यविधि स्वीकृत गरी लागू गरिएको छ ।

## परिच्छेद १

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस कार्यविधिको नाम "अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाको परियोजना सहजीकरण समितिको कार्यविधि, २०७०" रहेकोछ ।

(२) यो कार्यविधि नेपाल सरकार, महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयबाट स्वीकृत प्राप्त गरेको मितिबाट प्रारम्भ भएको मानिनेछ ।

२. **परिभाषा:** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "समिति" भन्नाले दफा ३ बमोजिम गठित समिति सम्झनु पर्छ ।

(ख) "संयोजक" भन्नाले समितिको संयोजक सम्झनु पर्छ ।

(ग) "सदस्य" भन्नाले समितिको सदस्य सम्झनु पर्छ ।

(घ) "परिषद्" भन्नाले समाजकल्याण परिषद् सम्झनु पर्छ ।

(ङ) "मन्त्रालय" भन्नाले महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय सम्झनु पर्छ ।

(च) "परियोजना" भन्नाले समितिको सिफारिशमा परिषद् र अन्तर्राष्ट्रिय गैरसरकारी संस्था बीच साधारण सम्झौता भई नेपालमा कार्यान्वयको लागि प्रस्ताव गरेको परियोजना वा कार्यक्रम सम्झनु पर्छ ।

(छ) "संस्था" भन्नाले परियोजना प्रस्ताव गर्ने वा कार्यान्वयन गर्ने राष्ट्रिय वा अन्तर्राष्ट्रिय गैरसरकारी संस्था सम्झनु पर्छ ।

परिच्छेद २

## सहजीकरण समिति सम्बन्धी व्यवस्था

३. **सहजीकरण समितिको गठन:** (१) अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरुको परियोजना सहजीकरण सिफारिश गर्न एक समिति गठन गरिएकोछ ।

(२) उपदफा (१) बमोजिमको समितिमा देहाय बमोजिमका संयोजक तथा सदस्यहरु रहनेछन्:-

| | | |
|---|---|---|
| (क) | सहसचिव, मन्त्रालयको समाजकल्याण सम्बन्धी कार्य हेर्ने महाशाखा प्रमुख | –संयोजक |
| (ख) | प्रतिनिधि, अर्थ मन्त्रालय | –सदस्य |
| (ग) | प्रतिनिधि, कानून, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालय | –सदस्य |
| (घ) | प्रतिनिधि, गृह मन्त्रालय | –सदस्य |
| (ङ) | प्रतिनिधि, परराष्ट्र मन्त्रालय | –सदस्य |
| (च) | प्रतिनिधि, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय | –सदस्य |
| (छ) | प्रतिनिधि, राष्ट्रिय योजना आयोगको सचिवालय | –सदस्य |
| (ज) | शाखा प्रमुख, मन्त्रालयको कानून तथा फैसला कार्यान्वयन शाखा | –सदस्य |
| (झ) | परिषद्ले तोकेको परिषद्को निर्देशक वा उपनिर्देशक | –सदस्य |
| (ञ) | मन्त्रालयको सम्बन्धित शाखाको उपसचिव वा निजको अनुपस्थितिमा निजले तोकेको अधिकृत | –सदस्य सचिव |

(३) उपदफा (२) बमोजिम प्रतिनिधि मनोनयन गर्दा सम्बन्धित मन्त्रालयले कम्तीमा उपसचिवस्तरको अधिकृतको मनोनयन गर्नु पर्नेछ ।

(४) समितिको संयोजकले समितिमा सहजीकरणको लागि पेश गरिएको प्रस्ताव समितिमा प्रतिनिधित्व रहेको मन्त्रालय बाहेक अन्य मन्त्रालयसँग सम्बन्धित देखिएका त्यस्तो प्रस्तावको विषयमा हुने बैठकमा सम्बन्धित मन्त्रालयका प्रतिनिधि र आवश्यकता अनुसार विषयवस्तुको जानकारी राख्ने विज्ञलाई समेत आमन्त्रण गर्न सक्नेछ ।

४. **समितिको काम, कर्तव्य र अधिकार:** समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:-

(क) परियोजना कार्यान्वयनको लागि साधारण वा कार्यक्रम सम्झौता गर्न वा त्यस्तो सम्झौता नवीकरणको लागि परिषद् मार्फत प्राप्त संस्थाका परियोजना प्रस्तावहरु विश्लेषण गरी निर्णयको लागि मन्त्रालयमा सिफारिश गर्ने,

(ख) परियोजना कार्यान्वयनको लागि सम्झौता सम्पन्न भई सकेका संस्थाहरुलाई उपलब्ध गराउने सेवा, सुविधा तथा संस्थाद्वारा संचालित कार्यक्रमहरुको समन्वय एवं सहजीकरण गर्ने सम्बन्धमा सिफारिश गर्ने,

(ग) संस्थाहरुबाट हुने सहयोगको सम्बन्धमा भविष्यमा अपनाउनु पर्ने नीतिगत तथा प्रक्रियागत विषयमा आवश्यक सिफारिश गर्ने,

(घ) संस्थाबाट कार्यान्वयन गरिने परियोजनाको लागि केन्द्रीयस्तरका विभिन्न निकाय बीच समन्वय गर्ने ।

५. <u>**समितिको बैठक सम्बन्धी कार्यविधि**</u> : (१) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

(२) समितिको बैठक संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(३) समितिको बैठक बस्नु भन्दा कम्तीमा अठचालीस घण्टा अगावै समितिको सदस्य-सचिवले बैठकमा छलफल हुने विषय सहितको सूचना सबै सदस्यहरुलाई दिनु पर्नेछ ।

(४) समितिको कुल सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरु उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(५) समितिको बैठकको अध्यक्षता संयोजकले र निजको अनुपस्थितिमा समितिका सदस्यहरुले आफूहरुमध्येबाट छानेको सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(६) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(७) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

६. <u>**बैठक भत्ता सम्बन्धी व्यवस्था**</u>• : समितिका सदस्यहरुले समितिको बैठकमा भाग लिए वापतको भत्ता रकम नेपाल सरकारको प्रचलित आर्थिक नियम वा तोकिएको मापदण्ड वमोजिम मन्त्रालयले उपलब्ध गराउने छ ।

## परिच्छेद-३

## परियोजना सम्बन्धी प्रस्ताव तयार गर्दा संस्थाले विचार गर्नु पर्ने विषयहरु

७. <u>**प्रचलित कानून तथा नीतिको प्रतिकुल हुनेगरी परियोजना प्रस्ताव गर्न नहुने:**</u> संस्थाले परियोजना प्रस्ताव तयार गर्दा त्यस्तो परियोजना प्रस्ताव तथा सो अर्न्तगतका क्रियाकलाप नेपालको प्रचलित कानून तथा नेपाल सरकारको सम्बन्धित नीतिको प्रतिकुल हुने गरी तयार गर्नु हुँदैन ।

• पहिलो संशोधनद्वारा संशोधित

८. **<u>सामाजिक सद्भावमा प्रतिकुल असर पर्ने गरी परियोजना प्रस्ताव गर्न नहुने:</u>** संस्थाले परियोजना वा सो अर्न्तगतका क्रियाकलापमा प्रत्यक्ष वा अप्रत्यक्ष कुनै पनि रुपमा राष्ट्रिय सुरक्षा नीतिलाई प्रतिकूल असर पर्ने, नेपालको धार्मिक र सामाजिक सद्भावलाई खलल पुग्ने वा जातीय सद्भावलाई असर पुग्ने कुनैपनि कार्य गर्न पाईने छैन ।

९. **<u>विकासका प्राथमिकताको क्षेत्रमा परियोजना लक्षित हुनु पर्ने:</u>** (१) परियोजना अन्तरगत कार्यान्वयन गरिने क्रियाकलापहरु नेपालको राष्ट्रिय विकास एवं क्षेत्रगत प्राथमिकता, रणनीति र क्षेत्रगत विकास रणनीतिमा सहयोग पुग्ने गरी प्रस्ताव गरिएको हुनु पर्नेछ । यसरी प्रस्ताव नगरिएका परियोजना सिफारिश गरिनेछैन ।

(२) परियोजना अर्न्तगत कार्यान्वयन गरिने क्रियाकलापहरु राष्ट्रिय योजना आयोगको आवधिक योजना कार्यान्वयन गर्न टेवा दिने प्रकृतिको हुनु पर्नेछ ।

१०. **<u>परियोजनको प्रत्येक क्रियाकलाप बीचमा तालमेल हुनुपर्ने:</u>** (१) परियोजनाको लक्ष्य, उद्देश्य, क्रियाकलाप र बजेटबीचमा तालमेल हुनु पर्नेछ ।

(२) प्रत्येक क्रियाकलापको मूल्यांकन तथा अनुगमनको लागि सूचकांक समेतको लजिकल फ्रेमवर्कमा परियोजना प्रस्ताव तयार गरिएको हुनु पर्नेछ ।

(३) परियोजनाको प्रत्येक क्रियाकलपाको नतिजा मापनयोग्य (Result Measurable) हुनु पर्नेछ ।

(४) उपदफा (१) (२) र (३) बमोजिम प्रस्ताव नगरिएका परियोजना सिफारिश गरिने छैन ।

११. **<u>बजेट तथा आर्थिक व्यवस्था:</u>** (१) परियोजनाको लागि आवश्यक पर्ने आर्थिक स्रोत र त्यस्तो स्रोतको सुनिश्चिताका बारेमा प्रस्तावमा उल्लेख गरिएको हुनु पर्नेछ ।

(२) परियोजनको प्रत्येक क्रियाकलापको लागि गरिने खर्च रकम प्रष्ट रुपमा खुलाउनु पर्नेछ ।

(३) परियोजनाले आफ्नो कार्यक्षेत्र एक भन्दा बढी जिल्लालाई बनाएको भएमा त्यस्तो प्रत्येक जिल्लाको लागि खर्च गर्न छुट्याइएको रकमको विवरण समेत परियोजना प्रस्तावमा खुलाएको हुनु पर्नेछ ।

(४) एक वर्ष भन्दा बढी अवधिको परियोजना भएमा प्रत्येक वर्षको लागि खर्च गर्न अनुमान गरिएको रकमको विवरण उल्लेख गर्नु पर्नेछ ।

(५) परियोजना तर्जुमा गर्दा पूँजी निर्माण सम्बन्धी क्रियाकलापलाई प्राथमिकता दिई समुदाय र कार्यक्रमको आवश्यकता अनुसार पूँजीगत र साधारण खर्च वीच उचित सन्तुलन मिलाउनु पर्नेछ ।

तर परियोजना साधारण खर्च मात्र गर्ने प्रकृतिको भएमा औचित्यको आधारमा समितिले त्यस्तो परियोजनालाई पनि सिफारिश गर्न वाधा पर्ने छैन ।

(६) परियोजनाको क्रियाकलाप तर्जुमा गर्दा परियोजनाको प्रशासकीय खर्चमा कूल बजेटको बीस प्रतिशत भन्दा बढी हुने गरी प्रस्ताव गर्नु हुँदैन ।

(७) परियोजनासंग सम्बन्धित संस्थाका विदेशी प्रतिनिधि वा अन्य विदेशी विज्ञहरुले पाउने तलव तथा सुविधा परियोजनाको बजेटबाट व्यहोर्न गरी परियोजना प्रस्ताव गर्नु हुँदैन ।

तर परियोजना प्रस्तावमा त्यस्ता प्रतिनिधिले पाउने तलव तथा सुविधा र सोको श्रोत स्पष्ट खुलाउनु पर्नेछ ।

(८) परियोजना अन्तरगत नेपालमा गरिने सम्पूर्ण खर्चको विवरण परियोजना प्रस्तावमा उल्लेख गर्नु पर्नेछ । परियोजना प्रस्तावमा उल्लेख नभएको खर्च श्रोतबाट कुनै पनि कार्यक्रम संचालन गर्न पाईने छैन ।

तर परियोजना प्रस्तावमा उल्लेख भएदेखि वाहेकको श्रोतबाट खर्च गर्नु पर्ने भएमा मन्त्रालयको पूर्व स्वीकृति लिई गर्न सकिनेछ ।

(९) परियोजनाको वार्षिक वजेट मन्त्रालयले अन्यथा निर्धारण गरेकोमा बाहेक कम्तिमा एक लाख अमेरिकी डलरको हुनु पर्नेछ ।

१२. **नेपाल सरकारलाई प्राप्त हुने प्रतिवद्ध रकमबाट परियोजना प्रस्ताव गर्न नसकिने:** (१) परियोजनाको खर्च त्यस्तो परियोजनाको दातृ निकाय, संस्था वा राष्ट्रबाट नेपाललाई उपलव्ध गराउने भनी प्रतिवद्धता व्यक्त गरेको रकम (Earmark बजेट) भित्रबाट व्यहोर्ने गरी प्रस्ताव गर्न सकिने छैन ।

तर नेपाल सरकार र कुनै दातृ मुलुक संस्था वीच सम्झौता भई सो सम्झौतामा कुनै कार्यक्रम संस्थाबाट हुने गरी प्रवन्ध गरिएको भएमा उक्त व्यहोरा परियोजना प्रस्तावमा स्पष्ट उल्लेख गरी सोको प्रमाणिकरण सम्बन्धित दातृ पक्षबाट गर्नु पर्नेछ ।

(२) उपदफा (१) को प्रयोजनको लागि परियोजना प्रस्तावमा उल्लेख गरिएको आर्थिक वा प्राविधिक सहयोग नेपाललाई उपलव्ध गराउने भनी प्रतिवद्धता व्यक्त गरेको रकम (Earmark) को रकम होइन भन्ने घोषणा परियोजना प्रस्तावमा सम्बन्धित दातृ निकाय वा संस्थाले गरेको हुनु पर्नेछ ।

१३. **परियोजना संस्थाको विज्ञता अनुरुपको हुनु पर्ने:** (१) परियोजना प्रस्ताव पेश गर्ने संस्थाको मूल उद्धेश्य बमोजिम विशिष्टीकृत कार्यक्षेत्रमा कार्य गर्न प्रस्ताव पेश गरेको हुनु पर्नेछ ।

(२) परियोजना कार्यान्वयनको लागि छनौट गरिने नेपाली सहयोगी संस्था वा निकाय समेत सम्बन्धित क्षेत्रको बारेमा अनुभव तथा विज्ञता भएको हुनु पर्नेछ ।

१४. **परियोजना क्षेत्रको छनौटका आधार खुलाउनु पर्ने:** संस्थाले परियोजना प्रस्ताव गर्दा सकेसम्म जिल्लाको सबै भौगोलिक क्षेत्रमा संचालन गर्ने गरी प्रस्ताव गर्नु पर्ने छ र एक भन्दा वढी जिल्लामा जानु पर्ने भएमा नजिकको जिल्लालाई प्राथमिकता दिनु पर्नेछ ।

तर सो नभई फरक फरक जिल्लामा सञ्चालन गर्नु पर्ने भएमा सोको औचित्य खुलाउनु पर्नेछ ।

१५. **सम्बन्धित मन्त्रालयसंग समन्वय गर्नु पर्ने :** (१)• गैरसरकारी संस्थाले समाजकल्याण परिषद मार्फत पेश गरेको परियोजनाको कार्यक्रममा सम्बन्धित मन्त्रालयको सहमति लिन आवश्यक ठानेमा त्यस्तो सहमति समितिले लिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको परियोजना कार्यान्वयन गर्दा सम्बन्धित जिल्ला विकास समितिसंग समझदारी पत्रमा हस्ताक्षर गरेर मात्र कार्यान्वयन गर्नु पर्नेछ ।

• पहिलो संशोधनद्वारा संशोधित

१६. **स्थानीय संस्था वा निकायको परिचालन गर्नु पर्ने:** (१) संस्थाले परियोजना संचालन गर्दा नेपाल सरकारका निकायहरु वा सम्बन्धित जिल्लामा दर्ता भएका स्थानीय समुदायमा आधारित संस्था वा स्थानीय गैरसरकारी संस्था मार्फत गर्नु पर्नेछ ।

(२) कुनै जिल्लामा उपदफा (१) बमोजिमका संस्था उपलव्ध नभएमा वा भए पनि परियोजनाको क्रियाकलाप सञ्चालन गर्न सक्ने नदेखिएमा सो जिल्लाका छिमेकी जिल्लामा दर्ता भएका संस्थालाई प्राथमिकता दिनुपर्नेछ ।

(३) उपदफा (१) र (२) बाहेक अन्य क्षेत्रका संस्थालाई साझेदार संस्थाको रुपमा लिनु पर्ने भएमा परियोजना प्रस्तावमा सोको औचित्यता खुलाउनु पर्नेछ ।

(४) संस्थाले परियोजना संचालन गरिने जिल्लाको जिल्ला विकास समितिबाट परियोजनाको विषयमा पूर्व सहमति लिएको हुनु पर्नेछ ।

(५) परियोजना परिषद्सँग सम्झौता भएको एक महिना भित्र संस्थाले कार्यान्वयनको लागि सम्बन्धित जिल्ला विकास समितिसंग सम्पर्क र समन्वय गर्नु पर्नेछ ।

१७. **परियोजना सम्बन्धी सम्झौता र कार्यान्वयन अवधि:** (१) संस्थाले सामान्यतया साधारण सम्झौता गरेको तीन महिनाभित्र परियोजना सम्झौता गर्नु पर्ने छ ।

(२) उपदफा (१) बमोजिमको अवधिभित्र सम्झौता हुन नसकेमा सोको मनासिब कारण देखाएर समितिको सिफारिशमा एकै पटक वा पटक पटक गरी बढीमा तीन महिनाको अवधि थप गर्न सकिने छ ।

(३) उपदफा (२) बमोजिमको अवधिमा पनि परियोजना सम्झौता हुन नसकेमा साधारण सम्झौता स्वत रद्द भएको मानिने गरी साधारण सम्झौता व्यवस्था गर्नु पर्नेछ ।

(४) परियोजनाको कार्यान्वयनको अवधि सम्झौता भएको मिति देखि प्रारम्भ हुने गरी परियोजना प्रस्तावमा उल्लेख गर्नु पर्नेछ ।

१८. **स्वीकृति लिनु पर्ने•:** (१) एउटा संस्थाले अर्को संस्थाको कार्यक्रम संचालन गर्नु पर्ने भएमा परिषदको सिफारिसका आधारमा मन्त्रालयको पूर्व स्वीकृति लिनु पर्नेछ ।

(२) सम्झौता भएको परियोजनाको स्वीकृत कार्यक्रममा कुनै हेरफेर वा परिवर्तन गर्नु पर्ने भएमा परिषदको सिफारिसका आधारमा मन्त्रालयको पूर्व स्वीकृती लिनु पर्नेछ ।

(३) नेपालमा कार्यरत संस्थाले नेपाल वाहिर कार्यक्रम संचालन गर्नु परेमा सोको कारण, श्रोत तथा कार्यक्रमको आधारमा परिषदको सिफारिस बमोजिम मन्त्रालयबाट सैद्धान्तिक स्वीकृति लिनु पर्नेछ ।

१९. **खर्चको सीमा परिषद्बाट निर्धारण हुने:** संस्था र परिषद् बीच साधारण सम्झौता सम्पन्न भएपछि परियोजना स्वीकृति वा सम्झौता हुने अवधिसम्म गर्ने खर्चको सीमा परिषद्ले निर्धारण गरेबमोजिम हुनेछ ।

• पहिलो संशोधनद्वारा संशोधित

२०. **प्रगतिको समीक्षा तथा प्रतिवेदन सम्बन्धी व्यवस्था:** (१) संस्थाले परियोजना प्रस्तावमा वर्षको कम्तीमा दुईपटक केन्द्रस्तरमा केन्द्रीय परियोजना सल्लाहकार समिति (सेन्ट्रल प्रोजेक्ट एडभाइजरी कमिटि) र जिल्लास्तरमा जिल्ला परियोजना सल्लाहकार समिति (डिष्ट्रिक प्रोजेक्ट एडभाइजरी कमिटि) को बैठक आयोजना गरी सोको प्रतिवेदन परिषद् र मन्त्रालयमा पेश गर्ने व्यवस्था गर्नु पर्नेछ ।

(२) संस्थाले परियोजनाको वित्तिय एवं भौतिक प्रगतिको वार्षिक प्रगति विवरण प्रत्येक आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र मन्त्रालय, अर्थ मन्त्रालय, राष्ट्रिय योजना आयोगको सचिवालय, सम्बन्धित मन्त्रालय, सम्बन्धित निकाय तथा परिषद्मा पठाउनु पर्ने व्यहोरा परियोजना प्रस्तावमा उल्लेख गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिमको प्रगति प्रतिवेदनको संक्षिप्त विवरण संस्थाको वेभसाइट वा राष्ट्रिय दैनिक पत्रिकाहरु मार्फत सार्वजनिक गर्नुपर्नेछ ।

२१. **सहायता व्यवस्थापन प्रणालीमा समावेश हुनु पर्ने:** (१) संस्थाले परियोजना प्रस्ताव गर्दा प्रस्ताव गरेको परियोजना सम्बन्धी विवरण अर्थ मन्त्रालयको सहायता व्यवस्थापन प्रणालीमा (Aid Management Platform, AMP) मा प्रविष्ट गरी सोको प्रमाण Draft Fact Sheet समेत परियोजना प्रस्ताव साथ संलग्न गर्नु पर्नेछ ।

(२) समितिको सिफारिस अनुसार पछि सम्झौता भएपछि उपदफा (१) बमोजिमको विवरण कुनै हेरफेर भएको भए सो समेतको विवरण र सम्झौता मिति समेत सम्झौता भएको मितिले १५ दिन भित्र उपदफा (१) बमोजिमको सहायता व्यवस्थापन प्रणालीमा प्रविष्टी गर्नु पर्नेछ ।

२२. **सार्वजनिक लेखापरीक्षण गराउनु पर्ने:** परियोजना प्रस्तावमा संस्थाले संचालन गरेका परियोजना अन्तर्गतका कार्यक्रमहरुको पारदर्शिता सुनिश्चित गर्न कार्यक्रम संचालन भएका क्षेत्रका सम्पूर्ण लक्षित समुदाय वा अन्य सरोकारवालाहरुको पूर्ण सहभागितामा स्थानीय तहमै वार्षिक रुपमा सार्वजनिक लेखापरीक्षण (पब्लिक अडिट) समेत गराउने व्यवस्था प्रस्ताव गरेको हुनु पर्नेछ ।

२३. **कर सम्बन्धी विवरण पेश गर्नु पर्ने:** (१) परियोजना प्रस्तावमा संस्थाले आफ्नो र आफ्नो कार्यक्रम कार्यान्वयन गर्ने स्थानीय गैरसरकारी संस्थाको नाउँमा सम्बन्धित आन्तरिक राजस्व कार्यालयबाट प्राप्त गरेको स्थायी लेखा नम्बर (प्यान), कर छुटको प्रमाणपत्र प्राप्त गरेको भए सोको प्रमाण समेत परियोजना प्रस्तावमा उल्लेख गर्नु पर्नेछ ।

(२) पहिले देखिनै नेपालमा परियोजना कार्यान्वयन गर्दै आएको संस्थाको हकमा आफ्नो र आफ्नो कार्यक्रम कार्यान्वयन गर्ने स्थानीय गैरसरकारी संस्थाले आयकर ऐन, २०५८ बमोजिम नियमित आय विवरण पेश गरी तिर्नु पर्ने अग्रिम कर कट्टी गरी दाखिला गरेको भनी सम्बन्धित आन्तरिक राजस्व कार्यालयको कर दाखिलाको प्रमाण समेत परियोजना प्रस्ताव साथ पेश गर्नु पर्नेछ ।

२४. **बैक खाता सम्बन्धी विवरण खुलाउनु पर्ने:** (१) संस्थाले परियोजना प्रस्ताव गर्दा आफुले कारोवार गर्न चाहेको कुनै वाणिज्य बैंकको नाम र ठेगाना उल्लेख गर्नु पर्नेछ । संस्थाले परियोजना सम्झौता बमोजिम आफ्नो कार्य संचालन गर्दा नेपालभित्र ल्याईने सबै सहायता रकमको कारोवार सोही खाताबाट कारोवार गरिने व्यहोरा परियोजना प्रस्तावमा उल्लेख गर्नु पर्नेछ । सो खाता बाहेक अन्य बैंकमा खाता खोली कारोवार गर्न पाईने छैन ।

२५. **स्वीकृति नलिई विदेशीलाई काममा लगाउन नहुने:** संस्थामा प्रचलित कानून बमोजिम स्वीकृति नलिई कुनै पनि विदेशी नागरिकलाई काममा लगाउन पाइने छैन । संस्थाको सहयोगमा संचालित कार्यक्रमको लागि

आउने वाह्य विशेषज्ञ एवं स्वयंसेवकहरुको सेवा विशिष्ट प्रकृतिको भएमा मात्र काम गर्ने स्वीकृतिको लागि सिफारिश गरिनेछ ।

२६. **बैदेशिक सहायता नीति प्रतिकुल हुने गरी परियोजना प्रस्ताव गर्न नहुने : कुनै पनि** संस्थाले नेपाल सरकारको बैदेशिक सहायता नीति प्रतिकुल हुने गरी परियोजना प्रस्ताव गर्नु हुँदैन ।

२७. **सम्बन्धित मन्त्रालयको सहमति आवश्यक पर्ने:** प्रस्तावित परियोजनावाट नेपाल सरकारलाई आर्थिक दायित्व थपिने भएमा परियोजनासँग सम्बन्धित मन्त्रालयको सहमति प्रस्ताव साथ संलग्न गर्नु पर्नेछ ।

२८. **अनुगमन सम्बन्धी संस्थागत व्यवस्था:** परिषद्ले परियोजनाको अनुगमनको लागि एक संरचना तयार पारी संस्थाहरुको अनुगमन तथा मुल्याङ्कन गर्ने ब्यबस्था मिलाउनु पर्नेछ ।

## परिच्छेद ४

## परियोजना प्रस्ताव उपर छलफल र निर्णय सम्बन्धी व्यवस्था

२९. **परिषद्ले परियोजनाको प्रस्ताव पठाउनु पर्ने:** (१) समितिको सिफारिश आवश्यक पर्ने विषयमा परिषद्ले त्यस्तो परियोजनाको प्रस्तावको आवश्यक प्रति संलग्न गरी समिति समक्ष पठाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रस्ताव पठाउँदा सम्बन्धित परियोजनाको संक्षिप्त परिचय सहितको कार्यकारी सारांश समावेश गरी पठाउनु पर्नेछ ।

३०. **परियोजना प्रस्ताव उपर छलफल र निर्णय:** (१) दफा २९ बमोजिम पेश हुन आएको परियोजना सम्बन्धी प्रस्ताव उपर समितिको बैठकमा पेश भई छलफल तथा विश्लेषण गरिने छ ।

(२) उपदफा (१) बमोजिम छलफल हुँदा पेश हुन आएको परियोजना प्रस्तावमा लेखिएको कुनै व्यहोराबाट गलत अर्थ वा सन्देश जान सक्ने वा परियोजना प्रस्ताव तयार गर्दा ध्यान दिनु पर्ने कुराहरुमा ध्यान नदिएको वा उल्लेख गर्नु पर्ने कुनै कुरा उल्लेख गर्न छुटाएको वा बजेट तथा कार्यक्रम बीचको तालमेल नरहेको देखिएमा समितिले पेश हुन आएको परियोजना प्रस्तावमा आवश्यक संशोधन, परिमार्जन वा पुनर्लेखन गरी पुनः पेश गर्न सम्बन्धित संस्थालाई जानकारी गराउनेछ ।

तर परियोजना प्रस्तावमा सामान्य सुधार गर्नु पर्ने भएमा त्यस्तो विषयमा समितिको सदस्य सचिवले सुधार गरेको यकिन गरी सिफारिश गर्न सक्ने र समितिमा पुनः पेश गर्न नपर्ने गरी समितिले निर्णय गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम पुन पेश गर्न जानकारी गराइएकोमा सो बमोजिम पुन पेश भएका परियोजनाको प्रस्तावलाई समितिको बैठकमा राखी छलफल गरिनेछ ।

(२) उपदफा (१) वा (३) बमोजिम छलफल हुँदा पेश हुन आएको परियोजना प्रस्तावमा यस कार्यविधिको परिच्छेद ३ को व्यवस्था अनुरुप भएको, प्रचलित कानून विपरित तथा नेपालको राष्ट्रिय हित विपरित नरहेको पयोजना प्रस्तावलाई समितिले स्वीकृतिको लागि सिफारिस गर्नेछ । यस निर्देशिका बमोजिम कुनै परियोजना सिफारिश गर्न नसकिने अवस्था रहे सोको जानकारी परिषद्लाई दिनु पर्नेछ ।

३१. **समितिको बैठकको कार्यसूची निर्धारण :** (१) समितिको सदस्य सचिवले दफा २९ बमोजिम परिषद्बाट प्राप्त हुन आएका परियोजना प्रस्तावलाई त्यस्तो प्रस्ताव प्राप्त भएको प्राथमिकताक्रमको आधारमा समितिको बैठकको कार्यसूचीमा राख्नु पर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि बैठकको कार्यसूची समितिका सदस्यहरुलाई पठाइसकेको अवस्थामा बाहेक कुनै कारणबाट प्रस्ताव प्राप्त भएको प्राथमिकताक्रममा परेको परियोजना प्रस्तावसँग सम्बन्धित संस्थाले त्यस्तो प्रस्ताव पछिको बैठकमा सार्न चाहेमा प्राथमिकताक्रमको अर्को प्रस्तावलाई बैठकको कार्यसूचीको रुपमा राख्न सकिनेछ ।

(३) यस दफा बमोजिम समितिको बैठकको कार्यसूची निर्धारण गर्दा समितिको सदस्य सचिवले संयोजकसँग परामर्श गरी कार्यालय समयमा बैठक राख्ने भएमा बैठक शूरु भएको सामान्यतया एक घण्टामा छलफल गर्न सकिने गरी निर्धारण गर्नु पर्नेछ ।

३२. **प्रस्ताव उपर छलफल र निर्णय :** (१) समितिको बैठकको शुरुमा समितिको सदस्य सचिवले बैठकमा छलफल गरिने विषयको बारेमा प्रष्ट पार्ने वा संक्षिप्त ब्रिफिङ गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम बैठकको विषयको बारेमा संक्षिप्त जानकारी दिएपछि बैठकको अध्यक्षता गर्ने व्यक्तिले प्रस्तावसँग सम्बन्धित संस्थाको प्रतिनिधिबाट प्रस्तावको बारेमा संक्षिप्त प्रस्तुति गर्न समय दिनेछ ।

(३) उपदफा (२) बमोजिमको प्रस्तुतीकरण पछि बैठकका सहभागीहरुले बैठकको कार्यसूचीको विषयमा केन्द्रीत रहेर पालैपालो आफ्नो वा आफूले प्रतिनिधित्व गरेको निकाय वा कार्यालयको तर्फबाट संक्षिप्त धारणा, सुझाव प्रस्तुत गर्न सक्नेछन् ।

(४) उपदफा (२) बमोजिम प्रस्तुती र उपदफा (३) बमोजिम बैठकका सहभागीहरुले धारणा वा सुझाव प्रस्तुत गरेपछि आवश्यकता अनुसार बैठकका सहभागीहरुको बीचमा संक्षिप्त छलफल गर्न सकिनेछ ।

(५) उपदफा (४) बमोजिमको छलफल पछि बैठकको अध्यक्षता गर्ने व्यक्तिले आफ्नो धारणा सहित बैठकको निचोड, निष्कर्ष वा आवश्यकता अनुसार प्रस्तावको विषयमा परिमार्जन वा सुधार गर्नु पर्ने व्यहोरा सहितको निर्णयको व्यहोरा मौखिक वा लिखित रुपमा प्रस्तुत गर्नेछ ।

(६) उपदफा (५) बमोजिम बैठकबाट हुने निर्णय प्रस्तुत भएपछि त्यसमा कुनै छुट वा सच्याउनु पर्ने भएमा बैठकका सहभागीले सुधार गर्न वा सच्याउन तत्काल सुझाब राख्न सक्नेछ । कसैको निर्णय हुनु पर्ने व्यहोरामा फरक मत भएमा सो समेत राख्न सकिनेछ ।

(७) उपदफा (५) बमोजिम प्रस्तुत गरिएको निर्णयको व्यहोरामा उपदफा (६) बमोजिम सुझाव आएकोमा त्यस्तो सुझाब समावेश गर्नु पर्ने भएमा सो समेत समावेस गरी बैठकको निर्णय सो बैठकको अध्यक्षता गर्ने व्यक्तिले सुनाउनेछ ।

३३. **बैठकको निर्णय प्रमाणित गर्ने सम्बन्धी व्यवस्था:** (१) समितिको सदस्य सचिवले बैठकको निर्णयको मस्यौदा तयार गरी बैठकमा उपस्थित समितिका सदस्यहरुलाई जानकारी गराउने व्यवस्था गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको निर्णयमा प्राप्त भएका प्रतिक्रिया समेतको आधारमा बैठकको निर्णय तयार गरी वा गर्न लगाई बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णय प्रमाणित गर्नु पर्नेछ ।

(३) कुनै सहभागीले बैठकको निर्णयको व्यहोरामा भिन्न राय राखेकोमा सो राय लेखी निजको नाम सहित निर्णय पुस्तिकामा प्रमाणित गराई राख्नु पर्नेछ ।

## परिच्छेद ५

## विविध

३४. साधारण सम्झौताको सम्बन्धमा समेत लागू हुने: (१) संस्थाले सिफारिशको लागि समिति समक्ष पेश गर्ने साधारण सम्झौताको सम्बन्धमा समेत यो कार्यविधि लागू हुनेछ ।

(२) संस्थाले साधारण सम्झौता पेश गर्दा त्यस्तो सम्झौतामा परियोजना सञ्चालन गर्न चाहेको कार्यक्षेत्र, अवधि समेत खुलाउनु पर्नेछ ।

(३) समितिमा पेश गरिने साधारण सम्झौता यस कार्यविधिको अधिनमा रही पेश गर्नु पर्नेछ ।

(४) संस्थाले पेश गर्ने परियोजना साधारण सम्झौताको अधिनमा रही पेश गर्नु पर्नेछ ।

(५) साधारण सम्झौता सम्बन्धमा यस कार्यविधिको कुनै व्यवस्थाको कार्यान्वयनमा कुनै द्विविधा परेमा समितिले यस कार्यविधिको व्यवस्थाहरु आवश्यकता अनुसार परिमार्जन सहित लागू गर्न सक्नेछ ।

स्पष्टीकरण: यस दफाको प्रयोजनको लागि "साधारण सम्झौता" भन्नाले संस्थाले नेपालमा परियोजना तयार गरी कार्यान्वयन गर्ने सहमतिको लागि त्यस्तो परियोजना सञ्चालन गरिने क्षेत्र र अवधि समेत खुलाई परिषद्सँग गरिने सम्झौता सम्झनु पर्छ ।

३५. **कार्यविधिको व्याख्या:** (१) यस कार्यविधिमा लेखिएका कुनै विषयमा कुनै किसिमको द्विविधा उत्पन्न भई कार्यविधि कार्यान्वयन गर्न कठिनाई भएमा प्रचलित कानूनको अधिनमा रही समितिले उपयुक्त व्याख्या गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम समितिबाट भएको व्याख्या अन्तिम हुनेछ ।

३६. **खारेजी र बचाउ:** (१) अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरुको परियोजना विश्लेषण तथा सहजीकरण सिफारिश समिति गठन गर्ने र सो समितिको कार्यक्षेत्र तोक्ने सम्बन्धी नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०६०।५।२९ र मिति २०६०।९।१९ को निर्णय खारेज गरिएको छ ।

(२) उपदफा (१) बमोजिमको समितिले गरेका काम कारवाहीहरु यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ ।